


PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार २३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 07 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०९

# पर्सा जिल्लाभरि धमाधम असारे विकास

प्रस, वीरगंज, २२ असार/

पर्सा जिल्लाका स्थानीय तहहरूमा विकास गर्नुको साटो असारे बजेट सिध्याउने दाउपेच अवलम्बन गर्दै अहिले धमाधम विकास निर्माण कार्य हुँदैछन्।

असल काम गराउनका लागि चेक भुक्तान गर्ने समयसीमा भएकोले सबै स्थानीय तहमा अहिले विकासको नाममा झारा टार्ने काम जारी छ। वीरगंज महानगरपालिकाको विपी उद्यान, नेशनल ट्रेडिङदेखि ब्रह्मचोकसम्म सडक निर्माण कार्य वर्षाले वीरगंज डुबानमा परेको मूल्यका योजनाहरूको निर्माण कार्य हिजोदेखि शुरू भएको स्रोतले बताएकाको छन। यस्ता योजनाको काम कहिलेसम्म सक्ने, प्राविधिक प्रतिवेदन मूल्याङ्कन तथा ल्याब परीक्षण रिपोर्ट कहिले र कसले दिने भन्ने अन्योलताबीच असारे विकास जारी छ।



पर्सा जिल्लाको वीरगंज महानगर र विभिन्न गापामा सञ्चालित असारे विकासको दृश्य। तस्वीरः प्रतीक

वर्षभरिको समय भएपनि सो बखत चाख नदिने र अहिले विभिन्न शीर्षकमा रहेका विकास बजेट रित्याउन वर्षाको समयमा पनि विकास निर्माण कार्य धमाधम हुँदैछन्।

प्रत्येक आवमा असार २४ गतेसम्म बेलादेखि नै जारी छ। वर्षाले जमीन गिलो भएको बेला ढलान गर्दा सडकको अवस्था के होला सहजै मापन गर्न सकिन्छ।

यसैगरी, विभिन्न वडामा ग्रेभल बिछ्याउने कार्य, नाला, ढलान तथा कालोपत्र सडक निर्माण कार्य भइरहेका छन्। यी सबै विकास कार्य असार २४ गतेसम्म भुक्तानी गर्ने प्रयोजनबाट मात्र गरिएका हुन्।

महानगरको यस्तो चाला छ भने जिल्लाका तीनवटा नगरपालिका र दशवटा गाउँपालिकामा पनि यसैगरी असारे विकासको गति तीव्र छ।

असारे विकास कार्यको चेक काट्न अहिले ५६ घण्टा बाँकी छ तर करोडौं

छिपहरमाई गापाको भिस्वामा रहेको माविदेखि भारतीय सिमानासम्म २९७ मिटर सडकको ढलान कार्य भइरहेको छ। गापाको बजेटमा गुनगुन कन्स्ट्रक्शन छिपहरमाईले सो निर्माण कार्य मूल्य अभिवृद्धि करसमेत रु ५३ लाख ४२ हजारमा गर्दैछ। आजको मितिसम्म उक्त सडकको ढलान कार्य १४ मिटरसम्म मात्र भएको छ। निर्माण कार्य वर्षाले समेत रोक्न नसक्दा दिनरात काम भइरहेको छ। तोकिएको समयमा कुनै पनि हालतमा कार्य सम्पन्न हुने छाट देखिंदैन तर असारे विकास भएकोले असम्भवलाई सम्भव पार्ने काम भने भइरहेको छ। अहिले सो सडक ढलान कार्यको प्राविधिक रिपोर्टदेखि अन्य आवश्यक कागजात तयारी गरी पेश गरेर चेकसमेत बनिसकेको स्रोतले दाबी गरेको छ।

धोबिनी गापामा टावरलाइट जडान नभए पनि ठेकेदारले भुक्तानी पाइसकेको स्रोतले जनाएको छ। लङ्डी चोकमा टावरलाइटको काम भइरहेको अवस्थामा भुक्तानी हुनुले सबैलाई आश्चर्यचकित पारेको छ। टावरलाइटको बेस दुई दिन पहिले मात्र ठेकेदारले हतारमा तयार गरेको थियो। तर सो बेस कमसल भएपछि भत्काएर पुनः बेस तयार भइरहेको छ।

पालिकाहरूले चालू आवमा बाँकी रहेको बजेटबाट आवश्यक नै नभएका सामानहरू खरीद गरेर थुपारिरहेका छन्। धोबिनी गापाले गत वर्ष १४ लाख रुपैयाँको फर्निचर खरीद गरेको थियो भने यस वर्ष पनि फर्निचर खरीद गरेर भण्डारण गरेको छ।

पकहामैनपुर गापाको स्टोरमा आज बिहान तीन ट्रक सामान उतारिएको स्रोतले जनाएको छ।

# भेडाहा खोलामा स्थायी बाँध बन्छ –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, २२ असार/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले मङ्गलवार भेडाहा खोलाको अनुगमन गर्दै स्थायी (पक्की) बाँध बनाउने बताएका छन्।

नगरप्रमुख सरावगीले आगामी आवमा भेडाहा खोलाको लागि रु २५ करोड विनियोजित गरिएकोले स्थायी बाँध निर्माण हुने कुरामा ढुक्क भएर बस्न आग्रह गरे। उनले चालू आवमा महानगरपालिकाले रु ५ लाख लागतमा अस्थायी (कच्ची) बाँध लगाएको र सो बाँधलाई बाढीले बगाएको भन्दै अब स्थायी बाँध बनाइने बताए।

कच्ची बाँध बाढीले बगाएपछि अहिले सो क्षेत्रका सयौंजना बाढीको चपेटामा परेका छन्। अनुगमनको क्रममा नगरप्रमुख सरावगीले खोलाको अव्यवस्थित उत्खननमा पनि रोक लगाइने बताए। उनले ढुङ्गा, बालुवा झिक्ने कामलाई व्यवस्थित पार्ने प्रतिबद्धता जाहेर गरे।


स्थानीयसँग संवाद गर्दै नगरप्रमुख सरावगी। तस्वीरः सौजन्य

स्थानीयले बाढीले घर, खेतमा नोक्सान पुऱ्याएको भन्दै खोलाको उचित व्यवस्थापन गर्न माग गरेका थिए। भेडाहा खोलाको हिजो विपत् व्यवस्थापन समिति पर्साले स्थलगत अनुगमन गरेको थियो।

भेडाहा खोलाबाट वीरगंज महानगरपालिकाका वडा नं २७ देखि ३१ सम्मका लालपर्सा, प्रसोतीपुर, बेलवा, इस्लामपुर, मिलनचोक गरी पाँचवटा वडा बढी प्रभावित हुन्छन्।

# बाढीपीडितलाई क्षतिपूर्तिको माग

प्रस, वीरगंज, २२ असार/

प्रदेशसभा सदस्य शङ्कर चौधरीको अगुवाइमा मङ्गलवार प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई ज्ञापनपत्र बुझाइएको छ।

पर्सा जिल्लाका विभिन्न नदीका कारण अहिले हजारौं बिघा जग्गा कटान, डुबानमा परेको र सयौं परिवार विस्थापित हुन बाध्य भएको भन्दै ज्ञापनमार्फत उनीहरूको उचित व्यवस्थापनको लागि माग गरिएको थियो।

ज्ञापनपत्रमा बाढीपीडित घरपरिवारलाई क्षतिपूर्ति, घरविहीनलाई घरवास तथा कृषकहरूलाई क्षतिपूर्ति माग गरिएको छ। पर्साको ठोरी गाउँपालिकाको अमुवा, ठुटे, ओडार, खोलाले सो गापाका पाँचवटै वडा र ओरिया नदीले मालीबस्ती जोखिमपूर्ण अवस्थामा रहेको र हुलाकी राजमार्गसमेत कटान गरेको छ। यसैगरी, जीराभवानी गापा–१ बलुवा, पिपरा, भवानीपुर, चमरी, महादेवपट्टीमा पनि ठूलो क्षति पुगेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

ओरिया खोलाले छिपहरमाई गापाका चारगाहा, मिर्जापुर, झल्महिया, जयमङ्गलापुर, भिस्वा र तुलसीबर्वा जलमग्न भएको भन्दै ज्ञापनपत्रमार्फत राहतको माग गरिएको छ। यसैगरी, ढोगई नदी, गङ्गोल खोला, सिकटा चन्द्रवती नदीको बाढीले जगरनाथपुर गापा–५ मधुवाहा, मसियानी, झखरा, धर्मपुर, हरपुर, सोहरी र सुपुर पिपरडारीमा र सिकटा नदीले कालिकामाई गापा–१ रविदास, गदियानी, भेडिहारीलगायतमा खेतीयोग्य जग्गामा बालुवा थुप्रिएर ठूलो क्षति भएको र मानवबस्तीमा पानी पसी क्षति भएको प्रदेशसभा सदस्य चौधरीले प्रजिअ अधिकारीलाई जानकारी गराए।

ज्ञापनपत्र बुझाउन प्रदेशसभा सदस्य चौधरीसँगै नेपाली काङ्ग्रेसका महासमिति सदस्य बृहस्पतिकृष्ण श्रेष्ठ, क्षेत्रीय सभापति रमेश पाण्डे, जिल्ला सदस्य नवीन सिंह र क्षेत्रीय सचिव श्रीकान्त यादवलगायत सहभागी थिए।

## छोटकरी

### चटयाङ लागेर मृत्यु

प्रस, पर्सागढी, २२ असार/

पर्सागढी नगरपालिका–१ गुलरियामा मङ्गलवार बिहान चटयाङ लागेर एकजनाको मृत्यु भएको छ।

पर्सागढी नपा–१ गुलरिया निवासी ४५ वर्षीय चन्द्रिका पासवानको चटयाङ लागेर मृत्यु भएको प्रहरीले जनाएको छ। बिहान ११ बजे पासवान खेतमा रोपाइँ गरिरहेका बेला चटयाङ लागेपछि घटनास्थलमैं मृत्यु भएको थियो। मृतक पासवानकी पत्नीलाई निधर्न उत्थान बैंकले रु पाँच हजार सहयोग गरेको छ।

पासवानको घरमा गएर नगरप्रमुख लोकनारायण यादवले निर्धन उत्थान बैंकको तर्फबाट पाँच हजार नगद सहयोग गरेका थिए। सो अवसरमा नगरप्रमुख यादवले पीडितालाई नगरपालिकाको विपत् व्यवस्थापन कोषबाट पनि सहयोग गर्ने बताए।

# प्रम ओलीद्वारा रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास

प्रस, सप्तरी, २२ असार/

प्रधानमन्त्री केपी शर्मा ओलीले सप्तरीको सदरमुकाम राजविराजस्थित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मङ्गलवार शिलान्यास गरेका छन्। भर्चुअल माध्यमबाट शिलान्यास गर्दै उनले देशको विविधता नै हाम्रो पहिचान र विशेषता भएको भन्दै यसलाई मनमुटाव र द्वन्द्वको विषय बनाउन नहुने बताए।

प्रधानमन्त्री ओलीले भौगोलिक, सामाजिक, भाषिक विविधताप्रति गौरव गर्नुपर्ने भन्दै यो द्वन्द्वको विषय नभई सम्पन्नताको प्रतीक भएको बताए। आफू नेतृत्वको सरकारले कृषि उत्पादनलाई विदेशमा निर्यात गर्ने स्थितिमा पुऱ्याएको दाबी गर्दै भने, "कृषिमा गुणस्तरीय उत्पादन र निर्यातका लागि काम गऱ्यौं। खेतहरूमा सिंचाइको प्रबन्ध हामीले गऱ्यौं, हामी विकास गर्न सक्छौं। विकासका कामलाई अगाडि बढाउन सक्छौं।"

प्रधानमन्त्री ओलीले स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणको कार्य चाँडै सम्पन्न हुने बताए। "भवन निर्माणको काम छिटै र गुणस्तरीयरूपमा सम्पन्न हुनेछ। जगगा प्राप्त भएको, डिजाइन बनेको तथा

(बाँकी अन्तिम पातामा)

तस्वीरः रासस


## विचारसार र सूक्तिहरू

**सदाशयताले मात्र जिन्दगी हाँसेर बिताउन सकिन्छ । सम्पत्ति मात्रले आफ्नो र अरूका लागि सङ्कट निम्त्याउँछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# अहिले डुबान चलिरहेको छ

**अहिले वर्षा चरममा छ । यसपालि पूर्व मनसून राम्रो भयो र मनसून पनि समयमैं शुरू भयो । देश सङ्घीयतामा गएपछि स्थानीय तहहरूको खुदो पल्टचो । बजेटको कमी भएन, सबै 'देखिने विकास' गर्न अग्रसर भए । गाउँ–गाउँ, गल्ली–गल्लीमा सडक बने, नाला बने । यो राम्रो कुरा थियो । साधन र स्रोत प्रशस्त छ भने विकास निर्माण हुनैपर्छ । जनताले सुविधा पाउनैपर्छ । पुरातनकालदेखि गाँस–वास–कपासपछि सडकलाई मानिसको पहिलो आवश्यकता मानिएको छ । सडकले मानवीय क्रियाकलापलाई विस्तार दिन्छ, उद्योगधन्दा फस्टाउँछ । उन्नति वा सभ्यताको पहिलो चरण नै सडक हो । तर नेपालमा सडक बनाउने क्रममा प्राकृतिक पानीको बहावबारे सोचिएन । घरहरू अग्ला–अग्ला बनाइए । पानीको बाटो छेकियो । अलिकति पनि पानी पर्दा, सडक अग्लो छ भने पानी घरभित्र पस्छ, होचो छ भने सडकमा पानी जम्छ हिलो हुन्छ । अहिले नेपाल शहरीकरणतर्फ उन्मुख छ । शहरीकरण अनुचित होइन, तर शहर कसरी बसाउने त्यसको मूल तत्त्वमाथि ध्यान दिइएको छैन ।**

**हामी तत्कालीन स्वार्थ मात्र सोच्छौं । जनप्रतिनिधिहरूका लागि छिटोभन्दा छिटो विकास निर्माणको काम गरेर पछिको लागि आफ्नो पद सुरक्षित पार्नुपरेको छ, धन्दाको नाममा अरूहरूलाई जसरी पनि धन कमाउनु छ । क्रसर उद्योगहरूले जथाभावी खोलानालाको दोहन गर्दा कृत्रिम बाढी–भेलको सिर्जना हुन थालेको छ । यसरी हेर्दा बाढीको जोखिम प्राकृतिकभन्दा मानवीय बढी देखिन थालेको छ । बाढी भेल रोक्ने, पानीलाई सोसेर धरतीको गर्भमा पुऱ्याउने वन, बगैंचाको निरन्तर क्षय भइरहेको छ । पानीलाई धरतीको गर्भमा पुग्ने सबै बाटो, सबै उपक्रम थुनिदिएपछि बाढी त आउँछ नै । यसपालि बढी वर्षा भयो, थोरै वर्षा हुँदा पनि अवस्था त यस्तै देखिएको हो । कसैको क्षणिक उन्मादलाई हामी 'खहरे खोला'को संज्ञा दिन्छौं । एकैछिनमा भयङ्कर रूप लिएर तर्साउने गरी बग्ने खहरे तुरुन्तै सुक्छ पनि । हाम्रो विकासको गति खहरे खोलाजस्तै छ; सोच–समझविनाको । यद्यपि सरकारले कुनै पनि काम गर्दा डिपिआर बनाउने, वातावरणीय मूल्याङ्कन गराउने अनिवार्य शर्त राखेको छ । तर ती सबै दैनिक तालिका बनेर रहेका छन् । ती प्रतिवेदनहरू परिस्थिति अनुकूल तयार हुँदैनन्, व्यक्तिअनुकूल तयार पारिन्छन् ।**

**मानिस छिटै आत्तिन्छ । ज्ञानविनाको मानिस झन् छिटो आत्तिन्छ । थोरै ज्ञान भएको मानिस सबैभन्दा बढी आत्तिन्छ । हाम्रो समाज थोरै ज्ञानयुक्त छ । जे कुरामा पनि आत्तिन्छ । जाडोमा शीतलहरबाट आत्तिन्छ, गर्मीमा लूबाट आत्तिन्छ र वर्षामा बाढी–भेलबाट आत्तिन्छ । प्रकृतिका विभिन्न रूपलाई स्वाभाविक मानेर, सकभर त्यसको प्रतिकूलता न्यून गर्ने उपाय सोच्दैन । किनकि यी सबै समस्त प्राणीजगत्का लागि आवश्यक तत्त्व हुन् । हामी शहरलाई फोहर बनाउँछौं, बाढीले फोहर बगायो भनेर दुःखी हुन्छौं । हामीले सडकमा फोहर नफाल्ने हो भने पानी परेपछि त्यो फोहर एक ठाउँमा जम्मा भएर शहरको अनुहार विद्रुप पार्ने थिएन । दायित्वबोध नहुँदा यस्ता समस्या देखिन्छन् । यी समस्या हामी आफैंले उत्पन्न गरेका हौं, यसको परिणाम हामीले नै भोग्नुपर्छ । यसमा गुनासो र आलोचना गर्नुभन्दा भोलि कसरी वर्षालाई सुखमय बनाउन सकिन्छ, प्रकृतिको सबै रूपको कसरी आनन्द लिन सकिन्छ भन्ने सोच विकसित गर्नु आवश्यक छ ।**

# फर्स्ट बेस्टपछि अब सेकेन्ड बेस्ट

स्वतन्त्र विचार



विनोद गुप्ता

**...भारत धेरै नकारात्मक नभई आफ्नो छनोटको मानिसलाई अगाडि उभ्याइदिनेसम्मको मनस्थितिमा रहेको छ । तर उसको 'फर्स्ट बेस्ट' अहिले पनि प्रम ओली नै रहनुभएको र विपरीत परिस्थिति आएमा 'सेकेन्ड बेस्ट'को रूपमा नेका महाधिवेशनलाई प्रयोग गर्ने सोच बनाएको छ ।**

विचित्रको स्थिति छ, हाम्रो यो देशको। अविरल वर्षाका कारण बाढीपहिरोले पीडितहरूको उद्धार र व्यवस्थापन हुन सकेको छैन भने राजधानीलगायत समग्र देशमा १७ प्रतिशतमा झरेको कोरोना सङ्क्रमण उकालो लागेर २१ प्रतिशत पुगेको छ। उता स्वास्थ्य मन्त्रालय भने कोरोना विशेष सरकारी अस्पताललाई बहिरङ्ग सेवा शुरू गर्न पत्राचार गरिरहेको छ। लकडाउन खुलेपछि ग्रामीण क्षेत्रबाट बढ्ने आवतजावतका कारण कोरोना सङ्क्रमण बढ्ने सङ्केतलाई बेवास्ता गरिएको छ। यति साहस गर्न कमसेकम ७० प्रतिशत जनतालाई खोप लगाइसक्नुपर्ने देशको सरकारका साथै राष्ट्रपतिसमेतको अपीलप्रति कतैबाट सकारात्मक उत्तर नआएपछि चीनबाट ४० लाख मात्रा खोप खरीद गर्न तयार भएको सरकारको अगाडि वास्तविकता के छ भने भारतले ७/८ महीनापछि मात्र दिन सक्ने र अन्य उत्पादकहरूले समेत तत्काल उपलब्ध गराउन नसक्ने भएपछि चीनप्रति दण्डवत भएको सरकारले यसको समेत खरीद प्रक्रियालाई अन्तिम रूप दिन सकेको छैन। राष्ट्रपतिको पत्रको कतैबाट उत्तर नआउनु र चीनबाहेक कुनै देश पनि सहयोगको लागि अगाडि नसर्नुबाट नै विश्व समुदाय र त्यसमा पनि नेपालको भूराजनीतिक बनोटका खेलाडी मानिने भारत, युरोपेली सङ्घ र बेलायतको के धारणा छ स्पष्ट हुन आउँछ।

हाम्रा प्रम ओलीले आफ्नो पार्टीको आन्तरिक विवाद मिलाउनुको साटो असंवैधानिक बाटो अख्तियार गरी प्रतिनिधिसभाको पहिलो विघटनबाट शुरू भएको संविधान उल्लङ्घनका घटनाहरूले उनको सरकारलाई दोस्रोपटक फेरि विघटनकै मुद्दामा सर्वोच्च अदालत पुऱ्याएको छ। यो सम्पूर्ण घटनाक्रमलाई नियाल्दा दुईवटा राजनीतिक चालमाथि विचार गर्नु नै पर्ने देखिन्छ। पहिलो चीनसँग नजीक रहनुभएका ओली कसरी टाढिनुभयो र भारतको उग्र विरोधी रहनुभएका ओली कसरी अहिले भारत समर्थक बन्न पुग्नुभयो। यसका लागि नेकपाभित्र दुईवटा महत्त्वपूर्ण कार्य भए। पहिलो, करीब दुई तिहाइको सरकार बनेपछि प्रम ओलीको महत्त्वाकाङ्क्षा बढाउने र दोस्रो, भारतसँगको सीमा विवाद चर्काउने। बढेको दम्भ र भारतसँगको विवादको दबाबले उहाँ एमसिसीको समर्थन गर्न बाध्य हुनुभयो भने अर्कोतर्फ त्यसैको विरोध गर्ने उहाँकै पार्टीभित्र अर्को समूह (प्रचण्ड–नेपाल) खडा गरियो। जसले एमसिसीको विरोध गर्दै बिआरआईलाई प्राथमिकतामा राख्न दबाबका विभिन्न कदमहरू चाल्न थाल्यो। आफ्नै दलभित्र यसरी दबाबमा परेका ओली अन्ततः भारतको नजीक हुन सैनिक कूटनीतिको प्रयोग गर्न बाध्य भएको देखिन्छ। दोस्रो महत्त्वपूर्ण चाल वा घटनाक्रम हो, ओली समर्थक रहनुभएका नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा उहाँको विरुद्ध खडा हुनु। यस अवस्थामा उहाँनजीक रहनुभएका शक्तिराष्ट्रहरूको राजनीतिक विश्लेषण र नेपाली काङ्ग्रेसको महाधिवेशनको समयले पनि विशेष भूमिका खेलेको देखिन्छ। अन्तर्राष्ट्रिय शक्ति समीकरणका नेपालमा खेल्ने खेलाडीहरूमध्ये बेलायत र अमेरिकाको बुझाइमा तत्काल नेपालमा उनीहरूको अभीष्ट पूरा गर्न देउवा सबैभन्दा उपयुक्त पात्र हुनुहुन्छ किनभने उत्तरतर्फको सीमा विवाद प्रसङ्गमा चीनसँग विवाद परेर नेकाको सम्बन्ध चिसिंदै गएको सबैले बुझेकै हुनुपर्दछ।

उता भारतको लागि भने ओलीको उपयोगिता हराउँदै गएको र पाँचजना पूर्वप्रधानमन्त्रीले निकालेको विज्ञप्तिका साथै सुमधुर सम्बन्धको आधारमा विश्लेषण गर्दा देउवा, नेपाल, प्रचण्ड र उपेन्द्र यादव कसैको भारतीय संस्थापन पक्षसँग प्रिय सम्बन्ध नरहेको यो बेला बाहिरीरूपमा भारतले नेपालको घटनाक्रमलाई 'नोट गरेको' र 'नजीकबाट नियालिरहेको' भने पनि नेकाको १४औं महाधिवेशनको पूर्वसन्ध्यामा भारतको रुचि बढ्न थालेको भनेर विश्लेषकहरूको विचार आइ नै रहेको छ। १३औं महाधिवेशनमा रामचन्द्र पौडेलको राजनीतिक सिद्धान्तप्रतिको निष्ठा भारतको लागि उपयोगी नहुने ठानेर देउवालाई समर्थन गरेको भारतीय संस्थापन पक्ष यसपालि भने Worst Scenario Analysis गरी अगाडि बढिरहेको बुझिन्छ।

ओलीविरुद्धको मोर्चाबन्दीमा लागेका देउवा र यसमा समर्थन जनाउने पौडेल, शशाङ्क, शेखर र सुजाता कोइरालालगायत विमलेन्द्र निधिसमेतले उम्मेदवारी दिने अवस्थामा भोलि देउवा नै निर्वाचित भएपनि Working Space रहिरहोस् भन्ने मान्यता राखेर विमलेन्द्र निधि, प्रकाशमान सिंह र शशाङ्क कोइरालाबीच मोर्चा बन्न सक्ने सङ्केत आइरहेको छ। भनिन्छ, विमलेन्द्र निधिलाई भारतीय संस्थापन पक्षले पर्दा पछाडिबाट समर्थन गरेर अगाडि सारेको हो। प्रतिनिधिसभा पुनर्स्थापित भएपनि नभएपनि ढिलो वा चाँडो नेपालमा निर्वाचनको विकल्प नभएको र विभाजित कम्युनिस्टहरूका कारण काङ्ग्रेस नै स्थापित हुने सम्भावना देखेको भारत धेरै नकारात्मक नभई आफ्नो छनोटको मानिसलाई अगाडि उभ्याइदिनेसम्मको मनस्थितिमा रहेको छ। तर उसको 'फर्स्ट बेस्ट' अहिले पनि प्रम ओली नै रहनुभएको र विपरीत परिस्थिति आएमा 'सेकेन्ड बेस्ट'को रूपमा नेका महाधिवेशनलाई प्रयोग गर्ने सोच बनाएको छ।

नेपालमा भने स्थिति अत्यन्त तरल हुँदै गइरहेको छ। प्रम ओली अन्तिम समयसम्म आफूले चाहेको भएको हेर्न चाहनुहुन्छ। पटक–पटक एकता वार्ता अन्तिम समयमा आएर पटक–पटक भाँडिएको छ। सर्वोच्चको फैसलाको पालना गरेको भनेर प्रमले महाधिवेशन समिति भङ्ग गरी केन्द्रीय समिति गठन त गर्नुभयो तर त्यसमा माओवादीबाट छुट्टिएर आएका सदस्यहरूसमेत रहेकाले त्यो अवैधानिक भनेर नेपाल पक्षले असहमति जनाएको छ। यता प्रधानमन्त्रीले देउवालाई दिएको समर्थन फिर्ता लिन नेपाल पक्षलाई तीन दिने समयसीमा दिनुभएको छ। यसलाई नेपाल पक्षले अवैधानिक समितिको निर्णय भनेर नमान्ने भएको छ। प्रमसँग अब पहिला एकताको प्रयासको क्रममा फिर्ता लिएको कारबाही फेरि चलाउने सिवाय अन्य विकल्प छैन। नेपाल समूहसित भने पुरानो केन्द्रीय समितिको बैठकबाट निर्णय नगराइ माओवादी छाडेर गएकाहरूलाई समितिमा राखेकोलाई गैरकानूनी भन्ने अधिकार छ। सर्वोच्चले आफ्नो फैसलामा संविधानको धारा ७६ (५) को मर्म के हो भनेर कसरी व्याख्या गर्छ भन्ने कुरामा समेत निर्भर देखिन्छ। सर्वोच्चले ७६ (५) को व्यवस्था देशको अत्यन्त प्रतिकूल परिस्थितिमा देशलाई सङ्कटबाट जोगाउन गरिएको व्यवस्था हो र यसमा 'कुनै सदस्य' भन्ने वाक्यांशले दलको समर्थन आवश्यक नभएको र सांसदले स्वतन्त्ररूपमा यस धाराको प्रयोजनको लागि मात्र प्रयोग गर्न पाउने व्यवस्था गर्ने सम्भावना बढी छ किनभने त्यसो नहुँदो हो त धारा ७६ (२) राख्नुको कुनै प्रयोजन देखिंदैन। सर्वोच्चको निर्णयलाई प्रजातन्त्रमा सबैले सम्मान गर्नुपर्छ भन्ने विषय निर्विवाद छ नै। तर यसै सम्बन्धमा राष्ट्रपतिको सम्बन्धमा अदालतमा मुद्दा चलाउन नपाइने प्रसङ्गका सम्बन्धमा नेपालको संविधानमा नेपालको सार्वभौमसत्ता जनतामा निहित छ भनिएको छ। यही जनताले तिरेको करबाट देश चल्दछ। जनतामाथि मुद्दा चलाउन ५०औं कानून छन् भने त्यही जनताको करबाट जीविकोपार्जन गर्ने कुनै पदाधिकारी कसरी कानूनको दायराबाट बाहिर हुन सक्छ बुझ्न सकिएको छैन।

# नारायणगढ–मुग्लिन सडक : खुल्दै बन्द हुँदै

चितवन, २२ असार/रासस

वर्षा शुरू भएसँगै नारायणगढ–मुग्लिन सडकखण्ड दिनहुँजसो पहिरो जाने र सडक अवरुद्ध हुने शृङ्खला चलिरहेको छ। पहिरो पन्छाएर जाममा परेका सवारीले सडकखण्ड पार गर्न नपाउँदै अर्को पहिरो जाने समस्या यतिबेला बढेको छ।



तस्वीरः फाइल

डिभिजन सडक कार्यालय, भरतपुरका सूचना अधिकारी इन्जिनीयर शिव खनालका अनुसार भरतपुर महानगरपालिका–२९ को सेतीदोभान, इच्छाकामनाको चार किलो, पाँच किलो, १४ किलोलगायत ठाउँमा विगत एक सातायतादेखि पहिरोले दुःख दिइरहेको छ।

आज मध्याह्न सेतीदोभानमा सडक खुलाउन जुटेका उनले भने– "लेदो माटो र ढुङ्गा झरिरहेकाले सडक सफा गर्न कठिन भएको छ।"

पछिल्ला वर्षहरूमा पहिरो नखसेको सो ठाउँमा एकाएक पहिरो खसेको हो। सडकभन्दा झन्डै ८० मिटरमाथि बारी छ। त्यहाँ छ मिटर जति माटो मात्रै रहेको उनले जानकारी दिए। त्यस ठाउँमा खेती गरिंदै आएको छ। सोही ठाउँबाट पहिरो तल खसेको छ। भीरको ४० मिटर जतिमा पानीको मूल फुटेको छ। त्यहाँबाट पानी बगिरहेकाले पनि पहिरो रोक्न कठिन भएको छ। सडक सफा गरेर केही सवारी पार गर्न नपाउँदै फेरि पहिरो खस्ने गरेको उनले बताए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवनका प्रमुख प्रहरी निरीक्षक भगवानराज थापा सडक खुलाउन मुश्किल भएको बताउँछन्। एक सातायता सो सडकले दुःख दिइरहेको छ। उनले भने– "अब सडक खुल्यो भन्ने बेलामा सेतीदोभानमा पहिरो खस्न शुरू गरेको हो।"

असार १८ गते साँझदेखि खसेको पहिराले निरन्तर दुःख दिइरहेको छ। कतिबेला के हुने हो ? निकै जोखिम बढेको छ, उनले भने– "सबैलाई म अनुरोध गर्न चाहन्छु, हिंड्नैपर्ने भएमा वैकल्पिक सडक प्रयोग गर्नुहोस्।"

जाममा परेर बिरामी भएका, खान नपाएका र सडकमा उच्च जोखिममा रहेका भन्दै उनले पूर्वबाट आउने सवारीलाई बर्दिवास र हेटौंडा भएर राजधानी छिर्न सुझाव दिएका छन्। सडक पार गर्नका लागि सडक र बाहिर लाम बसेका सवारीको सङ्ख्या तीन हजारभन्दा बढी पुगिसकेको भन्दै उनले विगत तीन दिनदेखि सडक खुल्ने प्रतीक्षामा ठूला सवारीसाधन कुरिरहेको जानकारी दिए। भरतपुरका खुला ठाउँमा ठूला सवारीसाधन रोकेर राखिएको छ। नारायणगढ–मुग्लिन सडकका फराकिला सडक र खुला ठाउँमा पनि सवारी रोकिराखिएको उनले बताए।

प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले सो सडकमा पहिरो झरेलगत्तै निरन्तर सफा गर्ने उपकरण र जनशक्ति परिचालन गरिएको बताए। उनका अनुसार पहिरो निरन्तर खसिरहेकोले काममा कठिनाइ भएको हो। भ्याएसम्म काम रोकिएको छैन।

डिभिजन सडक कार्यालय, भरतपुर र सुरक्षा निकाय सडक खुलाउन दिनरात काम गरिरहेका छन्। केही वर्षअघि ठाउँठाउँमा पहिरो खसेर समस्या भएपछि पूरै सडकखण्डलाई विस्तार र पहिरो नियन्त्रण कार्य गरिएको थियो। तीन वर्षअघि काम सम्पन्न भएयता अघिल्ला दुई वर्षमा खासै समस्या थिएन। यस वर्ष भने मौसम सक्रिय भएसँगै पहिरोले दुःख दिन थालेको हो।

यस सडकमा सामान्य अवस्थामा दैनिक १० हजार हाराहारी सवारीसाधन आवतजावत गर्छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## २७ जना विद्यार्थी अपहरणमुक्त

लागोस, २२ असार/सिन्हवा

नाइजेरियाको एक विद्यालयबाट अपहरणमा परेका २७ जना बालबालिकालाई सकुशल अपहरणमुक्त गरिएको छ। नाइजेरियाको उत्तरपश्चिमी प्रान्त कादुनाबाट अपहरणमा परेका ती बालबालिकालाई प्रहरीले अपहरणमुक्त गरेको बताएको छ। प्रहरीले दिएको जानकारी अनुसार नाइजेरियाको दामिसी नगरको एक विद्यालयबाट अपहरणमा परेका उनीहरूलाई मुक्त गरिएको हो। सो विद्यालयबाट उनीहरूलाई सोमवार अज्ञात व्यक्तिहरूले अपहरण गरेका थिए। साथै त्यहाँबाट अरू पनि कैयौं विद्यार्थी अपहरणमा परेका थिए।

उनीहरूलाई अपहरण गर्ने योजनाका साथ ती अज्ञात व्यक्तिहरू हतियारसहित पुगेका थिए। उनीहरूले सो विद्यालयका सुरक्षा गार्डलाई गोली प्रहार गरेर विद्यालयभित्र छिरेका र अपहरण गरेका थिए।

छात्रवासमा रहेका विद्यार्थीलाई अपहरण गरिएको प्रहरीले जनाएको छ। बाँकी विद्यार्थीलाई पनि अपहरणमुक्त गराउनका लागि प्रहरीले प्रयास गरिरहेको जनाएको छ। रासस

## जर्मनीले विदेशी पर्यटकमाथि लगाएको प्रतिबन्ध हटाउने

बर्लिन, २२ असार/एएफपी

जर्मनीले कोभिड-१९ का कारण बेलायती, पोर्चुगाली, रूसी, भारतीय र नेपाली पर्यटकमाथि लगाएको यात्रा प्रतिबन्ध बुधवारदेखि हट्ने भएको छ।

दुवै खोप लगाइसकेका र कोभिड-१९ सङ्क्रमण नरहेका पर्यटकहरूले जर्मनी पुगेपछि क्वारेन्टाइनमा समेत बस्नुनपर्ने बर्लिनले जनाएको छ।

यद्यपि खोप नलगाएका व्यक्तिको सम्बन्धमा भने १० दिनसम्म क्वारेन्टाइनमा बस्नुपर्नेछ। खोप नलगाएका व्यक्तिले पनि क्वारेन्टाइनमा बसेको पाँचौं दिन परीक्षण गर्दा कोभिड-१९ सङ्क्रमण नपाइए स्वतन्त्र हिंड्डुल गर्न दिइने जर्मनी प्रशासनले बताएको छ।



तस्वीरः एएफपी

बेलायत, पोर्चुगल, रूस, भारत र नेपाललाई हालसम्म 'डेल्टा' र 'डेल्टा प्लस' कोभिड भाइरस फैलिएका कारण, कोभिडको महामारीजन्य जोखिमयुक्त मुलुक भनी वर्गीकृत गरिएको थियो। शुरूमा भारतमा पहिचान भएको कोभिडको 'डेल्टा' प्रजातिलाई विश्व स्वास्थ्य सङ्गठनले अति जोखिमयुक्त प्रजातिका रूपमा वर्गीकरण गरेको छ। महामारी नियन्त्रणका लागि ती मुलुकका नागरिकका लागि यात्रा प्रतिबन्ध लगाइएको भएपनि जर्मनीका नागरिक वा स्थायी बासिन्दामाथि प्रतिबन्ध लागू गरिएको थिएन तर उनीहरू जर्मनी प्रवेश गर्दा १४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्था भने गरिएको थियो।

यी पाँच राष्ट्रलाई सङ्क्रमितहरूको सङ्ख्या अझै उच्च रहेको देशका रूपमा वर्गीकृत गरिएको त्यहाँको स्वास्थ्य निकायले जनाएको छ। रासस

## रूसी विमान दुर्घटना, २९ जनाको अवस्था अज्ञात

मस्को, २२ असार/एएन्आई

मङ्गलवार बिहान २९ जना यात्रु लिएर रूसको सुदूरपूर्वी क्षेत्रबाट उडेको रूसी विमान दुर्घटनाग्रस्त भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

विमानमा छ चालक दलका सदस्यसहित २९ जना यात्रु रहेको रूसी समाचार संस्था स्पुत्निकले जानकारी गराएको छ। प्रारम्भिक जानकारी अनुसार विमानमा एक बच्चा, छ चालक दलका सदस्य र २२ जना यात्रु थिए।



विमानस्थलमा रूसी विमान। तस्वीरः रायटर्स

रूसको पेट्रोपाभलोस्क-कामचास्कीबाट पालानाका लागि उडेको विमान कामचात्का क्षेत्रबाट मङ्गलवार अपराह्न राडारसँग सम्पर्क विच्छेद भएको रूसी आपत्कालीन सेवा मन्त्रालयको प्रमुख महानिर्देशनालयले जानकारी गराएको छ।

विमानबारे थप जानकारी सङ्कलन भइरहेको रूसी प्रशासनले बताएको छ। रासस

## पर्सागढीमा मेशिनबाट रोपाइँ

प्रस, बिरुवागुठी, २२ असार/

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यान्वयन एकाइ, पर्साको आयोजनामा भएको कार्यक्रममा बोल्दै परियोजनाका धान जोन अन्तर्गतका किसानहरूको लागि आगामी वर्षदेखि मेशिनबाट धान रोपाइँ


तस्वीरः प्रतीक





परियोजना चक्लाबन्दी पकेट ब्लक जोन अन्तर्गत पर्सागढी नगरपालिकामा मेशिनद्वारा धान रोपाइँ भएको छ।

पर्सागढी नगरपालिका-३ झुलिटार गाउँमा १० कट्ठा जमीनमा मेशिनबाट धान रोपाइँ गरिएको थियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ प्रमुख रोशन अधिकारीले मेशिनबाट धान रोपाइँ गर्दा चालीस प्रतिशत काम बढी हुने र साठी प्रतिशत समयको बचत हुने तथा दश प्रतिशत उत्पादन वृद्धि हुने बताए। उनले यो प्रविधिको प्रयोग गर्न किसानहरूलाई सुझाव दिए। सो अवसरमा प्रमुख अधिकारीले गरिने जानकारी गराए।

कार्यक्रममा कृषि औजार केन्द्र पर्साका इन्जिनीयर द्वारिका चौधरी, सुनाखरी कृषि सहकारी संस्थाका अध्यक्ष सरस्वती भट्टराई, विक्रम कार्कीलगायत स्थानीय किसानहरूको सहभागिता थियो।

## जय मातादी टेडर्सलाई ५० हजार जरिवाना

प्रस, वीरगंज, २२ असार/

वीरगंज-१५ लक्ष्मनवामा कबाडको सामान खरीद-बिक्री गर्ने इजाजत लिएर हार्डवेयर सामान बेच्ने जय माता दी टेडर्सलाई रु ५० हजार जरिवाना गर्दै कारबाई गरिएको छ।

उजूरीको आधारमा सोमवार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्साको टोलीले कारबाई गरेको हो।


तस्वीरः प्रतीक

कार्यालय प्रमुख जीतबहादुर भण्डारीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्साको संयुक्त अनुगमन टोलीले इजाजत लिएकोभन्दा फरक काम गरेकोले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ को (ट) बमोजिम कसूर गरेकोले सोही ऐनको दफा ३९ को (घ) बमोजिम तत्काल जरिवाना गर्दै कारबाई गरिएको वाणिज्य कार्यालय पर्साका सूचना अधिकारी दिलीपखड्ग खत्वेले जानकारी गराए। जरिवाना रकम सात दिनभित्र राष्ट्रिय वाणिज्य बैंकमा दाखिला गरी भौचर कार्यालयमा पेश गर्न निर्देशन दिइएको छ।

## कालिकामाईलाई अक्सिजन कन्सेन्ट्रेटर सहयोग

प्रस, वीरगंज, असार २१/

एक्सपर्ट एजुकेशन एन्ड भिसा सर्भिसेज प्रालिले पर्साको कालिकामाई गाउँपालिकास्थित अस्थायी कोभिड अस्पताललाई एक थान अक्सिजन कन्सेन्ट्रेटर सहयोगस्वरूप प्रदान गरेको छ।

सोमवार आयोजित कार्यक्रममा सो प्रालि वीरगंजका प्रबन्धक दीपक महर्जनले कालिकामाई अस्थायी कोभिड




अस्पतालका इन्चार्ज निरञ्जनप्रसाद चौरसियालाई अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गरेका थिए। अस्पतालका इन्चार्ज चौरसियाले प्राप्त अक्सिजन कन्सेन्ट्रेटरले अस्पतालमा बिरामीको उपचार गर्न ठूलो टेवा पुग्ने भन्दै संस्थालाई धन्यवाद दिए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, कार्यसमिति सदस्य धर्मेन्द्र चौरसिया, लायन्स क्लब इन्टरनेशनलकी आसमा सिंह यादवलगायतको सहभागिता रहेको नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् विजय कुशवाहाले जानकारी गराए।

## निषेधाज्ञा अवधिको सवारीकरमा जरिवाना नलाग्ने

प्रस, जनकपुरधाम, २२ असार/

प्रदेश २ सरकारले असार मसान्तसम्म सवारीसाधनमा लाग्ने शुल्क र दस्तुरमा जरिवाना नलिने भएको छ। कोरोनाको कारण लगाइएको निषेधाज्ञालाई मध्यनजर गर्दै सो अवधिको शुल्क दस्तुरमा जरिवाना नलिने निर्णय गरिएको प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले जानकारी दिए।

निषेधाज्ञाले गर्दा सवारीसाधन सञ्चालनमा नआएको र यातायात कार्यालय पनि बन्द रहेकाले शुल्क, दस्तुर बुझाउन नसकेको अवस्थालाई ध्यानमा राखी निषेधाज्ञा अवधिको विलम्ब जरिवाना नलिने निर्णय भएको मन्त्री यादवले बताएका छन्।


## वर्गीकृत विज्ञापन








## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रोगभय | वृष | नारीसुख |
| मिथुन | शत्रुपराजय | कर्कट | नारीसुख |
| सिंह | भयचिन्ता | कन्या | मित्रमिलन |
| तुला | अतिथिआगमन | वृश्चिक | सुयश |
| धनु | व्यर्थभ्रमण | मकर | धनलाभ |
| कुम्भ | सफलता | मीन | राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## सेल्सम्यान चाहियो

* कम्तीमा ५ वर्षको मार्केटिङ अनुभव भएको।
* मोटरसाइकलको सवारी चालक अनुमतिपत्र भएको।

**हिमाली केमिकल एन्ड परफ्युमरी उद्योग**

सम्पर्क : ९८५५०२१९४७


## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०७८ असार १८ गते वीरगंजको मुर्ली चोकबाट घण्टाघर जाने क्रममा मेरो डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनीयरिङ रजिस्ट्रेशन नं. DEE-1201-08 रहेको शैक्षिक प्रमाणपत्रहरू ट्रान्सफर सर्टिफिकेट, माइग्रेशन, प्रोभिजनल हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मो.नं. ९८०२५४४०४४ मा जानकारी दिनुहुन अनुरोध छ।

**शिवशङ्करप्रसाद कुर्मी**
**धोबिनी गाउँपालिका वडा नं ३, पर्सा**

### कटहरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
कटहरिया, रौतहट
प्रदेश नं २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रकाशित मिति २०७८/०३/२३)*

यस कार्यालयको बोलपत्र आह्वान सूचनाबमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरूमध्येबाट न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ (पहिलो संशोधन, २०७३) को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कबोल अङ्क रु (VAT, PS बाहेक) |
|---|---|---|---|
| NCB/04/KATMUN/2077/78 | Construction of Katahariya Municipality Office Building | Dhulikhel/Axis Asian JV | 6,36,67,912.08/- |

- **रामप्रकाश साह** (नि. प्रमुख प्रशासकीय अधिकृत)

# दुईजना पत्रकार पुरस्कृत

प्रस, वीरगंज, २२ असार/

पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका पूर्वसभापति स्व गिरिजाप्रसाद कोइरालाको ९७औं जन्मजयन्तीमा गिरिजाप्रसाद कोइराला फाउण्डेशनद्वारा नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा आयोजित कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरपालिकाकी उपप्रमुख शान्ति कार्कीले फाउन्डेशन पर्साले स्थापना गरेको क्रियाशील





तस्वीरः प्रतीक

पत्रकारिता पुरस्कारबाट बिबिसी नेपाली सेवाकी पर्सा संवाददाता एवं सामुदायिक रेडियो नारायणी एफएमकी समाचार प्रमुख माधुरी महतो र ग्यालेक्सी फोर के टेलिभिजनका पर्सा संवाददाता इरफान अलीलाई जनही नगद रु २५/२५ हजारसहित सम्मानपत्र प्रदान गरेकी थिइन्।

फाउन्डेशनका पर्सा अध्यक्ष मोहम्मद साहबुद्दीनको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काङ्ग्रेस तराई–मधेस समन्वय विभागका केन्द्रीय सचिव रामनारायणप्रसाद कुर्मी, दिनाप्रसाद गुप्ता, श्यामकुमार पोखरेल, ध्रुव नेपाल, प्रकाश उपाध्याय, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा, पर्सा अध्यक्ष अनुप तिवारी, नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति विजय सर्राफ, नेपाल प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी, तरुण दलका नेता हकुम सिंहलगायतको सहभागिता थियो।

# मोबाइलसहित एकजना पक्राउ

प्रस, वीरगंज, २२ असार/

इलाका प्रहरी कार्यालय अमलेखगंज तथा सिमराको संयुक्त टोलीले १५२० थान



मोबाइलसहित एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बारा कोल्हवी–४ निवासी ४५ वर्षीय पद्मबहादुर पोखरेल रहेको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले जानकारी गराए।

प्रनाउ कुँवरका अनुसार हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको प्रदेश २–०३–००१ च १४३ नं.को बोलेरो गाडी चेकजाँचको क्रममा सो परिमाणमा मोबाइल बरामद भएको हो।

गाडीमा केराको पातभित्र लुकाएको विभिन्न ब्रान्डका मोबाइल फोनलाई आवश्यक अनुसन्धानको लागि चालकसहित राजस्व अनुसन्धान कार्यालय पथलैया पठाएको प्रनाउ कुँवरले जानकारी दिए।






# महादेवको सपना हामीले पूरा गर्नुपर्छ –प्रचण्ड

प्रस, जनकपुरधाम, २२ असार/

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले स्व महादेव यादवको सपना पूरा गर्ने जिम्मेवारी पार्टी नेता, कार्यकर्ताको काँधमा आएको बताए।

सो पार्टीका केन्द्रीय सदस्य महादेव यादवको निधन भएपछि उनलाई श्रद्धाञ्जलि दिन मङ्गलवार जनकपुर आएका प्रचण्डले सो कुरा बताएका हुन्। अध्यक्ष प्रचण्ड जनकपुरको स्वर्गद्वारी पुगेर दिवङ्गत यादवको पार्थिव शरीरमा पार्टीको झन्डा ओढाउँदै श्रद्धाञ्जलि अर्पण गरेका थिए।

उनले जनकपुरधाम–१४ स्थित मृतक यादवको घर पुगेर परिवारजनलाई सान्त्वना दिए। यादवकी पत्नीलाई भेट गर्दै पार्टी अध्यक्ष प्रचण्डले भने, "अब कमरेड महादेवजीको सपना हामीले मिलेर पूरा गर्नुपर्छ।" उनले एक शोक वक्तव्य प्रकाशित गर्दै दुःख व्यक्त गरे। यादवको निधनले नेपाली कम्युनिस्ट आन्दोलनले एक सङ्घर्षशील नेता गुमाउनुका साथै पार्टीले समर्पित सहकर्मी गुमाएको विज्ञप्तिमा उल्लेख छ।

क्यान्सर रोगबाट पीडित ५७ वर्षीय यादवको सोमवार बेलुका जनकपुरस्थित आफ्नै निवासमा निधन भएको हो।

यादवले २०३६ सालदेखि विद्यार्थी आन्दोलनबाट राजनीतिक जीवन शुरु गरेका थिए। उनी शहीद रामवृक्ष यादवलाई आदर्श मान्दै पञ्चायतविरोधी आन्दोलन, राजाविरोधी आन्दोलन र भूमिगत जनयुद्धमा सक्रिय सहभागी थिए।


तस्वीरः सौजन्य

# १५ कम्पनी कालोसूचीमा

काठमाडौं, २२ असार/रासस

सम्झौता अनुसार निर्माण सम्पन्न नगरेको जनाएर सरकारले १५ व्यवसायी तथा कम्पनीलाई कालोसूचीमा राखेको छ। विभिन्न कार्यालयका सिफारिशमा सार्वजनिक खरिद अनुगमन कार्यालयले चार कम्पनीलाई दुई वर्ष र एघार कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको जनाएको छ।

खरिद कार्यालयको सोमवार बसेको बैठकले आजदेखि लागू हुने गरी प्रहरी प्रधान कार्यालयको सिफारिशका आधारमा पूजा ट्रेडिङ एन्ड अर्डर सप्लायर्स हेटौंडा तथा डिएमएस बुट इन्डस्ट्रिज बूढानीलकण्ठ, कृषि सामग्री कम्पनी लिमिटेडका सिफारिशमा सैलुङ इन्टरप्राइजेज र मुक्तिनाथ कृषि सामग्री कम्पनीलाई दुई/दुई वर्षका लागि कालोसूचीमा सिफारिश गरिएको हो।

कृषि सामग्री कम्पनीले सिफारिश गरेका दुई कम्पनीले तोकिएका समयमा रासायनिक मलको ढुवानी गर्न नसकेपछि कम्पनीले धरौटी रकम जफत गरेर कालोसूचीमा राख्न सिफारिश गरेको थियो। यस्तै, फ्रेन्ड्स अर्बिट कन्स्ट्रक्शन सर्भिसेज प्रालि कन्काई झापा, हिमालय कन्स्ट्रक्शन प्रालि सङ्खुवासभा, सन्देश सौगात ट्रेड एन्ड सप्लायर्स विराटनगर, चुन फार्मेसी पोखरा, गुरा निर्माण सेवा जुम्ला, अम्बा स्टोर धरान, नीरज स्टील फर्निचर उद्योग लहानलगायत एघार कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम मङ्सिर १६ गतेदेखि लागू हुने गरी एक वर्षका अवधिसम्म कालोसूचीमा राखिएको हो। कालोसूचीमा परेका कम्पनीले तोकिएको अवधिसम्म (कालोसूचीमा राखिएको समयसम्म) सरकारी निकायको कुनै पनि खरीद तथा निर्माणका कार्यमा भाग लिन पाउनेछैन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्यको भने निरन्तरता हुने कार्यालयले जनाएको छ।

# सुजिता हत्याको एक महीनापछि मुद्दा दर्ता

प्रस, महोत्तरी, २२ असार/

महोत्तरी जिल्लाको लोहारपट्टी नगरपालिका–७ भमरपुराकी सुजिता ठाकुरको हत्या भएको एक महीनापछि प्रहरीले मुद्दा दर्ता गरेको छ। सुजितालाई उनकै ससुराली पक्षबाट हत्या गरिएको आरोप शुरुदेखि नै लाग्दै आएको भए तापनि प्रहरी मुद्दा दर्ता गर्न मानेको थिएन।

सामाजिक अभियन्ताहरूको दबावपछि सोमवार अबेर मृतक सुजिताको माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान उद्योगमा जाहेरी दर्ता गराएका हो। गएको जेठ २० गतेदेखि सुजिता घरमा नदेखिएको भन्दै उनको ससुराली पक्षले अर्कै केटासँग भागेको हल्ला चलाएको थियो। ससुराली पक्षको हल्लामा सत्यता नदेखिएपछि त्यसको दुई दिनपछि सुजिताको माइती पक्षले इलाका प्रहरी कार्यालय पर्सामा खोजीको निवेदन दिएको थियो।

सोही क्रममा प्रत्यक्षदर्शी सुजिताका पाँच वर्षीय छोराले आमालाई काका र हजुरबाबुले मारेको बताए। खोजी गर्ने क्रममा प्रहरीले सुजिताको शव उनकै घरनजीक खेतमा गाडिएको अवस्थामा बरामद भएको थियो।

यति हुँदा पनि प्रहरीले सुजिताको माइती पक्षले दिएको जाहेरी लिएका थिएन। यसअघि गएको असार ४ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी जिल्ला प्रहरी कार्यालयले दर्ता गर्न मानेन।

सोको दुई दिनपछि सुजिताको खोजी गरिपाउँ भन्ने निवेदन मात्रै प्रहरीले लिएको थियो। प्रहरीले निवेदन लिए पनि खोजी कार्यमा चासो नदिएको र अर्कै केटासँग गएको भन्ने हल्लालाई नै विश्वास गरेको माइती पक्षको गुनासो छ।

यसैबीच, वैदेशिक रोजगारको क्रममा साउदीमा रहेका मृतक सुजिताका दाइ जीतेन्द्र पाण्डेले सामाजिक अभियन्ता सरोज रायलाई सहयोगका लागि आग्रह गरेका थिए। अभियन्ता रायको संयोजनमा रहेका अभियन्ता एवं नागरिक अगुवाहरूको दबावपछि मात्रै पीडित पक्षको जाहेरी जिल्ला प्रहरी कार्यालय महोत्तरीले असार २१ गते दर्ता गरेको हो।

जिल्ला प्रहरीका अधिकारीहरूले भने मानिसको हत्या भएपनि शङ्काको भरमा अरूमाथि मुद्दा दायर गर्दा घटनाको अनुसन्धान अर्कैतर्फ मोडिने र दोषी उम्कनुका साथै निर्दोष फस्न सक्ने अवस्था सिर्जना हुने बताए।

# साहको हत्या अभियोगमा तीनजना पक्राउ

प्रस, महोत्तरी, २२ असार/

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नं २ घर भएका जीतेन्द्र साहको हत्या अभियोगमा काठमाडौं जिल्ला प्रहरीले थप एकजनालाई पक्राउ गरेको जनाएको छ। पक्राउ पर्नेमा काठमाडौंको चन्द्रागिरि नगरपालिका वडा नं ३ घर भएका साहिल गोपाली हुन्।

गोपालीलाई सोमवार चन्द्रागिरि–८ मातातीर्थबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। साहको हत्या आरोपमा प्रहरीले यसअघि चन्द्रागिरि–३ थानकोटका सोमलाल गोपाली र मकवानपुरको दामन–९ घर भई चन्द्रागिरि–१ दहचोक बस्ने मनोज तामाङलाई पक्राउ गरेको थियो।

पछिल्लोपटक पक्राउ परेका साहिलसहित उक्त घटनामा संलग्नताको आरोपमा तीनजना पक्राउ परिसकेका छन्।

घटना भएको २४ घण्टाभित्र घटनामा संलग्न तीनैजनालाई नियन्त्रणमा लिएको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक रमेशकुमार बस्नेतले मङ्गलवार सञ्चारकर्मीहरूलाई जानकारी गराए। महोत्तरीको जलेश्वर–२ घर भई काठमाडौं, चन्द्रागिरि–३ थानकोट बस्ने २० वर्षीय साहमाथि असार २० गते चक्कु प्रहार भएकोमा २१ गते उनको मृत्यु भएको थियो। मोबाइल सिमको विषयमा चिनजानका युवकहरूबीच विवाद हुँदा उनीमाथि चक्कु प्रहार भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। घाँटी र ढाडमा गम्भीर चोट लागेको साहको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा सोमवार बिहान मृत्यु भएको हो।

# मनसूनी वायुको प्रभाव: अझै तीन दिन वर्षा

काठमाडौं, २२ असार/रासस

मनसुनी वायुको प्रभावले मङ्गलवार मुलुकका विभिन्न स्थानमा बदली र वर्षा भएको थियो। आज प्रदेश नं २ र वाग्मतीमा आंशिकदेखि सामान्य बदली र बाँकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा १, वाग्मती, गण्डकी,


तस्वीरः फाइल

लुम्बिनी र सुदूरपश्चिमका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हालका दिनमा कर्णाली तथा सुदूरपश्चिममा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी भूभागमा सामान्यदेखि बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

आज राति देशका अधिकांश भूभागमा बदली रहनाका साथै प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १ का एक/दुई स्थानमा मेघ गर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना छ।

बुधवार पनि देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १, २, वाग्मती र गण्डकीका थोरै स्थानमा मेघ गर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना छ।

बिहीवार पनि यही मौसमी प्रणाली कायम रहनेछ। आज विराटनगरमा सबैभन्दा बढी ५८ र काठमाडौंमा २८ मिलिमिटर वर्षामापन गरिएको छ।

# महुलीले युवतीको ज्यान लियो

प्रस, सप्तरी, २२ असार/

सप्तरीको अग्निसाइर कृष्णसरवण गाउँपालिकास्थित महुली खोलाले बगाएर एकजना युवतीको मृत्यु भएको छ। मृत्यु हुनेमा अग्निसाइर कृष्णसरवण–१ निवासी २२ वर्षीया महाकुमारी साह रहेको प्रहरीले जनाएको छ।

जङ्गलबाट बाँसको तामा लिएर सोमवार साँझ घर फर्किने क्रममा महुली खोलाको बाढीले महाकुमारीलाई बगाएको हो। बगाएको ठाउँबाट करीब २०० मिटर दक्षिणतर्फ उनको शव फेला परेको सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

खोलाले युवती बगाएको थाहा पाएपछि इलाका प्रहरी कार्यालय महुली र कन्चनपुरको प्रहरी टोली साथै स्थानीय बासिन्दाले खोजतलाश गर्दा शव फेला परेको प्रनाउ काफ्लेले बताए।

## प्रम ओलीद्वारा रामराजा....

बजेटको पनि व्यवस्था भइसकेकाले काम चाँडै सम्पन्न हुनेमा ढुक्क छौं," उनको भनाइ थियो।

कुल ११ अर्ब ९८ करोड रुपैयाँको लागतमा निर्माण हुने प्रतिष्ठान ६२ बिघा जग्गा क्षेत्रफलमा निर्माण हुन लागिएको हो।

यसको विस्तृत परियोजना प्रतिवेदनका लागि मात्रै १५ करोड रुपैयाँ छुट्याइएको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिका निर्देशक डा रणजीतकुमार झाले जानकारी दिए।

कार्यक्रममा राष्ट्रियसभा सदस्य सुमनराज प्याकुरेल, मधेसी आयोगकी सदस्य आभासेतु सिंह, पूर्व सिंचाइमन्त्री उमेशकुमार यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, नेकपा एमालेका केन्द्रीय सदस्य सुखराम यादव, जनता समाजवादी पार्टी प्रदेश २ का सचिव दिनेश यादव र जिल्ला अध्यक्ष केदारप्रसाद यादव, राजविराज नगरपालिकाकी उपप्रमुख साधन झा, प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलगायतको सहभागिता थियो।